पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास,पर्वत
गण्डकी प्रदेश, नेपाल

प.स. २०७५/०७६

च.नं

## पुर्वाधार उपयोग अन्तरगत सडक सेवा शुल्क संकलन गर्न सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

आ.व.२०७५/७६

प्रथम पटक प्रकाशित मिति : २०७५/०५/१०

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२(२) मा गाउँपालिकाको अधिकार क्षेत्र अन्तरगत गाउँपालिकाले सेवा सुविधा उपलब्ध गराउने तथा त्यस्तो सेवा सुविधा उपयोग गरे वापत लाग्ने सेवा शुल्क उठाउने व्यवस्था भए वमोजिम राजश्व परामर्श समितिको सिफारिस तथा गाउँ कार्यपालिकाको मिति २०७५ भाद्र ६ गते बसेको बैठकको निर्णय अनुसार आन्तरिक आय वृद्धि गर्ने प्रयोजनको लागी ठेक्का वान्दोवस्त गर्नु पर्ने भएकोले तोकिएको न्यूनतम अंकमा नघट्ने गरि निम्न लिखित शर्तहरुको अधिनमा रहि नेपाल सरकारवाट मान्यता प्राप्त इच्छुक फर्म वा कम्पनिहरुवाट वा निजको अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयवाट सिलवन्दी दरभाउपत्र फाराम खरिद गरि रितपूर्वक पेश गर्न सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ।

शर्तहरु

१. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयवाट फिर्ता नहुने गरि रु.१०००। (अक्षरुपी एक हजार) मात्र तिरी सिलवन्दी दरभाउपत्र फाराम प्राप्त गर्न सकिने छ।

२. दरभाउ पत्र फाराम प्राप्त गर्दा आ.व.२०७४/०७५ सम्मको नविकरण तथा चालु आ.व.को लागी मान्यता प्राप्त भएको फर्म वा कम्पनी भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी, आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपी साथै आ.व.२०७३/०७४ को कर चुक्ता विवरणको प्रतिलिपी संलग्न राखि निवेदन पेश गर्नु पर्ने छ।

३. सूचना प्रकाशित भएको १६ औं दिन दिनको ठिक १२:०० वजे भित्र रितपूर्वक सिलवन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।

४. रितपूर्वक कार्यालयमा दर्ता भएका सिलवन्दी दरभाउपत्रहरु सूचना प्रकाशित भएको १६ औं दिन दिनको २:०० वजे फर्म वा कम्पनीको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। फर्म वा कम्पनीको प्रतिनिधीहरु उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन। सिलवन्दी दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्य विदा लगत्तै पछि कार्यालय खुलेको दिनमा हुनेछ।

५. दरभाउपत्र फाराम भर्दा सवै विवरण खुलाई केरमेट नगरि कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

६. सिलवन्दी दरभाउपत्र साथ कवोल गरेको जम्मा अंक (भ्याट समेत) को ५ प्रतिशतले हुन आउने रकम जमानत वापत यस कार्यलयको नेपाल वैक लि, कुश्मा शाखामा रहेको ग.३ धरौटी खाता (06603000000003000010) मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाउँमा "क" वर्गको वैंकवाट जारीभै ठेक्का अवधी भर मान्य रहेको नियमानुसारको वैंक ग्यारेन्टी पेश गर्नु पर्ने छ।

७. रित नपुगेको वा कुनै शर्त राखिएका सिलवन्दी दरभाउपत्रहरु स्विकृत गरिने छैन।

८. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

९. यस सम्वन्धमा अन्य कुराहरु प्रचलित कानुन वमोजिम हुने छ।

१०.अन्य थप जानकारी आवस्यक भएमा कार्यालय समय भित्र कार्यालयको सम्पर्क नं.०६७४११११०१ मा सम्पक गर्न सकिनेछ।

| क.स. | ठेक्का नं. | ठेक्काको नाम | क्षेत्र | न्यूनतम अंक रु. (भ्याटवाहेक) | वोलपत्र फाराम दस्तुर फिर्ता नहुने गरि रु. |
|---|---|---|---|---|---|
| १. | ०१/०७५/७६ | हुवास-बर्राचौर सडक। | स्याङ्जा जिल्लाबाट प्रवेश गर्दा। | ६,४२,५००। | १,०००। |

..........................

नि. प्रमुख प्रशासकिय अधिकृत

नि प्रमुख प्रशासकीय अधिकृत